# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

# जोशीपुर गाउँपालिका
# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३७७

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जोशीपुर गाउँपालिका,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले **जोशीपुर गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रु.१ करोड ८६ लाख ७५ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१५ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८० लाख २१ हजार, नियमित गर्नुपर्ने रु.५६ लाख ३७ हजार र पेश्की बाँकी रु.३५ लाख ११ हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.५ करोड ५७ लाख ३५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड ३६ लाख १९ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## जोशीपुर गाउँपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ३२ | १८६७५ | ० | ० | ० | ६९ | ३२ | १८६७५ | १५०६ | ५६३७ | ८०२१ | ० | ० | १३६५८ | ३५११ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ५५७३५ | ० | ७९१ | ५४९४४ | ० | १८६७५ | ७३६१९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : जोशिपुर गाउँपालिका, कैलाली , जोशीपुर गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कमल राज उपाध्याय | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टिपेश तिमिल्सिना | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १८,६७५,३५८ |

स्थानीय तह :


https://nams.oag.gov.np

| गत बर्षको जिम्मेवारी | | १३,०४,९२,८४१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८,४९,९२,४९१.५ | चालु खर्च | २७,२७,९४,९९९ |
| प्रदेश सरकारबाट अनुदान | २,५५,१६,१३३ | पूँजीगत खर्च | १७,४५,०७,४८३ |
| राजश्व बाँडफाँट | ७,४२,०६,७३७ | वित्तीय/अन्य व्यवस्था | ११,६७,७१,९८०.८ |
| आन्तरिक आय | १,५१,८८,३५२ | | |
| अन्य आय | १०,७४,८५,४१५.७ | | |
| कुल आय | ५०,७३,८९,१२९.२ | कुल खर्च | ५६,४०,७४,४६२.८ |
| बाँकी मौज्दात | | ७,३८,०७,५०७.४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ६५.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६४५९ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।११।२६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>पालिकाबाट लेखापरीक्षणको क्रममा लघु उद्यम कार्यक्रम तर्फको प्रविधि हस्तान्तरण कार्यक्रममा लागत साझेदारीको रकम रु ४४०५० मिति २०७८।११।३ मा, नपाउने वैठक भत्ता वापतको रकम रु.७६५०। मिति २०७८।११।२४ र आन्तरिक लेखापरीक्षणबाट औल्याएको नपुग कर बापतको रकम रु. ४८०७।- मिति २०७८।११।२४ मा, पदाधिकारी थप इन्धन खर्च रु.१२८०००।-, पदाधिकारी पारिश्रमिक रु.१००१४०।-, पदाधिकारी पर्व खर्च रु.३७४५००।- मिति २०७८।१२।१०मा र बढी भ्रमण खर्च भुक्तानी रकम रु.८००००।- मिति २०७८।१२।१३ मा, गरी जम्मा रु.७३९१४७.० असुली भइ दाखिला भएको छ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री गीता कठरीयाले मिति २०७७।३।९ गते रु ५६ करोड ५९ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७। ३।१५ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४.२ | | | **रकमान्तरण:**आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । गाउ पालिकाकाको बिनियोजन ऐन २०७७मा रकमान्तरको प्रावधान रहेको छैन ।यस गाउपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ३ करोड १८ लाख १६हजार अर्थात कुल बजेट रू५६ करोड.५९लाख ४०हजारको. ५.६प्रतिशत रकमाान्तर गरी खर्च गरेको छ र सोको लागी गाउसभाको स्वीकृर्ति लिएको छैन । गाउपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । | |
| ४.३ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ | |
| ४.५ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.६</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२०३७७०००</td><td>१४९५१८०९</td><td>३.३४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२००१७८२९७।९७</td><td>१४४२५११४०</td><td>३२.२४</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२०८९५९०००</td><td>१७१४४३०८९</td><td>३८.३२</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>११५५०००</td><td>११५४९९९</td><td>२.५८</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१३४५६०००</td><td>१०३९६०५७</td><td>२.३२</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२१८१५६८३।५</td><td>१०११०५३८६</td><td>२२.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६५९४०९८१</td><td>४४७३०२४८३</td><td></td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकासमामा सबैभन्दा बढी ३८।३ प्रतिशत र वातावरण बिकासमा मा सबै भन्दा घटीमा २.३ प्रतिशत रहेको छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.७ | | | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । हजारमा | |

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| | चालु खर्चतर्फ | २७२७९४९९९। | ९६४७९८५४। | ५०१७४६०४। | १२६१४०५४९। | ५९५४४३६७। |
| | पूँजिगत खर्चतर्फ | १७४५०७४८३। | ४४०५६३९७। | २७९८९७२९। | १०२४६१३५६। | ६३५६४३८८। |
| | जम्मा | ४४७३०२४८२। | १४०६३६२४२। | ७८१६४३३४। | २२८६०१९०६। | १२३१०८७५०। |
| | प्रतिशत | ७९।०३ | ३१।४४ | १७।४७ | ५१।१० | २१।७५ |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु ४४७३०२४८२।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. १४०६३६२४२अर्थात ३१.४४प्रतिशत, दोश्रो चौमासिकमा रु ७८१६४३३४अर्थात १७.४७प्रतिशत र तेश्रो चौमासिकमा रु २२८६०१९०६अर्थात ५१.१० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १२३१०८७५ अर्थात२७।५२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५ | | | **आन्तरीक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ,<br>.• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• . जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन ,<br>• . सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>•. अधुरा आयाोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन ,<br>•. बैक हिसाव मिलान गरेको देखिएन ,<br>•. कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो .,<br>· • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,<br>· • मुल्य अभिवृद्धि कर नियमावली २०५३को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ,<br>· • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,<br>· • सुत्रको अनुसुची १, २, ३, ४,५,६,र ७ बमोजिम बजेटको आय र ब्ययको बिवरण गाउसभाबाट पारित गरेको देखिन्छ ,<br>· • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीतर्फ ३९जनाको दरबन्दी रहेकोमा ३२ रिक्त रहेको पाईयो ,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **सूचना प्रविधी पद्वतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्नननुसार छन : –<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको ।<br>२.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ।<br>४ . कार्यालयमा २ प्रकारका सफ्टवेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको । समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण गाउपालिकाको एकिकृत आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ५.३ | | | म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वतिःसवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ५.४ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७७।७८ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय इन्जीनियर सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कर्मचारी करारमा राख्दा दरवन्दी संख्या कामको विश्लेषण, आन्तरिक आय र कार्यबोझको आधारमा ओ एण्ड एम सर्भे गरी कानुन बमोजिम मात्र राख्नुपर्नेमा सो बमोजिम गरेको छैन । पालिकाले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करारमा राखि रु.११२५९२३९। ० खर्च लेखेको छ । तसर्थ करारमा राखी उल्लेख भए बमोजिम तलव खर्च लेख्नु उचित देखिएन । | |
| ६.३ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><br>**विवरण** \| **जम्मा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत घरनक्सा दर्ता पास | नभएको | | |
| | | | | **पञ्जिकरणतर्फ** | | | |
| | | | | जन्मदर्ता | १८४४ | | |
| | | | | मृत्युदर्ता | ३३४ | | |
| | | | | बसाईसराई दर्ता | ३७६ | | |
| | | | | विवाह दर्ता | ५४३ | | |
| | | | | सम्बन्धविच्छेद दर्ता | १ | | |
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | १४.१ कि.मि. | | |
| | | | | कालोपत्रे सडक मर्मत | - | | |
| | | | | ग्राभेल सडक निर्माण | १५१ कि.मि. | | |
| | | | | ग्राभेल सडक मर्मत | ३५ कि.मि. | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अनुसार प्राप्त विवरण अनुसार पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्ः | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ४५ | ५० | ११० | ६६ | ४६ | ३१७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि रु.९२ लाख सम्मका जम्मा ३१७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| ७.१ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ र यो बर्ष थप भएको ५९ गरी कुल ७१ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फछ्र्यौट भई ३६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, ६ वटा नियमावली, २३ कार्यविधि लगायत ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले... वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८ | | | **शिक्षा तर्फ** | |
| ८.१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुमा कुल १२६ शिक्षक दरवन्दी रहेकोमा १२५ जना पदपूर्ति भएको र पदपुर्ती मध्ये ६३ जना करारमा कार्यरत रहेको र जम्मा विद्यार्थी संख्या ६५९८ रहेको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गरि अध्यापन सुचारु गर्नुपर्दछ । | |
| ८.२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ (ज) अनुसार माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ८.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण, निजी विद्यालय शुल्क निर्धारण गरेको छैन र निजि विद्यालयले निर्धारण गरेको शुल्क तथा त्यहाँको शैक्षिक गुणस्तरका सम्बन्धमा अनुगमन गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन भए नभएको देखिने अवस्था एकिन हुन नसकेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलायई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१२५७९३९.० खर्च गरेको छ । आन्तरिक आयको आकार, औचित्य र आवश्यकताका आधारमा मितव्यायी रुमा खर्च गर्नुपर्दछ । | |
| १० | ७ | २०७७-५-१६ | **गत आर्थिक वर्षको सुविधा भुक्तानी**<br>गाउँपालिकाका पदाधिकारीलाई बजेट विनियोजन गरी तथा भुक्तानी दिन बाँकी विवरण भरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराइ गत आर्थिक वर्षको २०७६ कार्तिक महिना देखि २०७७ असार महिनाको सुविधा वापत र पर्व खर्चबापत रु.३९९९१६०।– यस आर्थिक वर्षमा भुक्तानी गरेको छ । | |
| ११ | | | **बित्तिय बिवरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको श्रेस्ताको मौज्दात भन्दा बैक मौज्दात रु ९८०२५८२।८९ बढी देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताको साटन बाकी बिवरण बैक बाकी मौज्दात भिडान गर्दा रू ९८०२५८२।८९ बैकमा बढी रहेको देखिएकोले फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरीक राजस्व खाता | ० | ६०८८३५११।७२ | |
| २ | बाडफाटबाट पाप्त राजस्व | ० | ० | |
| ३ | आन्तरीक अनुदान | ० | ० | |
| ४ | चालु खर्च खाता जोर बर्ष | ० | ० | |
| ५ | पुजिगत खर्च खाता जोर बर्ष | ० | १५११३२२८।७९ | |
| ६ | स्थानीय प्रकोप ब्यवस्थापन कोष | ४९९९८२०।२० | ३४३९७२४३।५४ | |
| ७ | बिबिध खर्च खाता | ९३९२२१३।५ | ४०२५३६०।६२ | |
| ८ | स्थानिय संचित कोष | ५१७२३०१८।०० | ६९७६७१५०।३८ | |
| ९ | धरौटी खाता | ७६९२४५५।७० | ५८९४०३६।८१ | |
| | | ७३८०७५०७।४० | १३५२८५३७१।८६ | ६१४७७८६४।४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु १०३९८३१६०।५२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १३०४९८४१।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २६५०९६८०।४८ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन हुनु पर्दछ । | |
| ११.४ | | | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ कुल ४२२ कार्यक्रममा ६१वटाको शुन्य प्रगति देखिन्छ र पुजिगततर्फ ३१३ कार्यक्रम मध्य ४४ वटा कार्यक्रममा शुन्य प्रगति खेखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १२ | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६७२२५००.० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष *७ | कार्यपालिका सदस्य 6 जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | १६८००० | १४४००० | ९२००० | ४५२००० |
| २ | यातायात खर्च | 0 | 0 | 0 | ७२००० | ४६००० | ११८००० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | २९४००० | २१६००० | ५५२००० | ११९४००० |
| ४ | पुस्तक,पत्रीका, | ६०००० | ५४००० | ३३६००० | २१६००० | ५५२००० | १२१८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ईन्टरनेट | | | | | | |
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ५०४००० | ३६०००० | ८२८००० | ० |
| ६ | अतिथि सत्कार | १२०००० | १०८००० | ५८८००० | 0 | 0 | १८८४००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४२००० | ३६००० | १६८००० | १४४००० | २७६००० | ८१६००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ११२००० | ५४००० | १६१००० | ६६६००० |
| | **जम्मा** | ४५१००० | ३८८५०० | २१७०००० | १२०६००० | २५०७००० | ६७२२५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ६१ जनालाई रु.३६१०००.० आर्थिक सहायता भनी नगद वितरण गरेका छन् । आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | | | **पेश्की बाकीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र खर्च प्रमाणित गर्न आवश्यक विल, भर्पाइ र कागजातसहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सात दिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकेको रकम पेश्की बाँकीको विवरण देखाएको छ । म्याद नाघेको पेश्की रकम नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. | ३,५११,५०० |

| क्र.सं. | पेश्की प्रयोजन | पेश्की लिनेको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | गाउँपालिका अन्तर्गत हुने विमा तथा नविकरण खर्च | कम्प्यूटर अपरेटर श्री राम बहादुर चौधरी | १५००००.० | | |
| | | | २ | सभा सञ्चालन खर्च | खरिदार श्री विपिन हमाल | २५००००.० | | |
| | | | ३ | भजनी रोड गढीदेखि घुसरीको काँडाँ नदीसम्म कालोपत्रे | यु.एम./जे.भी. | ९००००००.० | | |
| | | | ४ | बनकट्टा जिरोप्वाइन्ट देखि कालोपत्रे सहितको रिंग रोड निर्माण | के.एम. कन्ष्ट्रक्सन धनगढी-५ | ६४२००००.० | | |
| | | | ५ | वडा नं. ७ नं.को अधुरो सामुदायिक भवन निर्माण | के.एम. कन्ष्ट्रक्सन धनगढी-५ | ३३००००.० | | |
| | | | ६ | अधुरो जेसिज भवन निर्माण | जे.एस. निर्माण सेवा भी.न.पा. ७ | ३३५००००.० | | |
| | | | ७ | गाउँपालिका अन्तर्गत हुने पत्रपत्रिका तथा कार्यालयको दैनिक कार्य संचालनमा आवश्यक पर्ने पुस्तक सम्बन्धि खर्च | कैलाली मिडिया प्रा.ली. | २००००.० | | |
| | | | ८ | युवाहरुलाई वायरिङ्ग सम्बन्धि सीपमूलक तालिम | टिकापुर टेक्निकल इन्ष्टिच्युट प्रा.ली. | १२५०००.० | | |
| | | | ९ | महिलाहरुलाई सिलाईकटाइ सम्बन्धि सीपमूलक कार्यक्रम | टिकापुर टेक्निकल इन्ष्टिच्युट प्रा.ली. | १२५०००.० | | |
| | | | १० | गाउँपालिका अन्तर्गत हुने सुचना प्रकाशन खर्च | वेष्टर्न मिडिया एण्ड एडभरटाईजिङ्ग प्रा.ली. | २००००.० | | |
| | | | ११ | पटके परामर्श सेवा | भरत बहादुर विष्ट | १४०००.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १२ | गाउँपालिका अन्तगर्त हुने कार्यालय प्रयोजन सम्बन्धि इन्धन खर्च | देव बहादुर चन्द | ८०००.० | | |
| | | | १३ | जोशीपुर खानेपानी सुधार तथा मर्मत | प्रेम बहादुर डगौरा | १७५०००.० | | |
| | | | १४ | स्वास्थ्य संस्थाको पानी तथा बिजुली | सुरेश चौधरी | ७५००.० | | |
| | | | १५ | स्वास्थ्य संस्थाको पानी तथा बिजुली | सचिन अवस्थी | १०००००.० | | |
| | | | १६ | गाउँ कार्यपालिकाको कार्यालयमा हुने विविध खर्च | शान्ता चौधरी | १००००.० | | |
| | | | १७ | इन्टरनेट सेवा शुल्क | रन्जीत कुमार डगौरा | १२००००.० | | |
| | | | १८ | सरसफाई सेवा शुल्क | विपन हमाल | ३००००.० | | |
| | | | १९ | गाउँपालिका अन्तरगत हुने पानी तथा विजुली सम्बन्धि खर्च | सन्तोष चौधरी | १५००००.० | | |
| | | | जम्मा | | | ३५११५००.० | | |
| १५ | | | **आन्तरिक आय**<br>गाउँपालिकाले आय प्राप्तिको श्रोतहरुको संझौताहरु अद्यावधिक गरी अभिलेख व्यवस्थित तरिकाले सुरक्षित राख्नुपर्दछ । पालिकाको आय प्राप्तिका लागि भएका (बहाल, शुल्क जस्ता)सम्झौताहरु अद्यावधिक पनि छैन र अभिलेख पनि सही तरीकाले राखिएका छैनन् । आन्तरिक आयरु.१ करोड ५१ लाख ८८ हजार ३५२प्राप्त छ । उक्त रकम सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त भएको रकम सम्बन्धमा कार्यालयले परीक्षण भिडान गरी आन्तरिक नियन्त्रण सबल बनाएको पनि छैन ।लेखापरीक्षणका लागि भिडान गर्ने आधार प्रमाण समेत संलग्न पनि गरेको छैन ।पालिकाले आय प्राप्ति हुने क्षेत्रहरुको संझौता तथा अभिलेख अद्यावधिक गरी राख्ने तर्फ ध्यान दिनु पर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन ।संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नपर्दछ । | |
| १७ | | | **विषयगत कार्यालयको जिन्सी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| १८ | | | **खरिद ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.१ | | | **सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले .३ थान दुई पांगे् सवारी साधन खरिदमा रु.८०५३०० तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. १४५९९९९ समेत गरी रू २२६५२९९।०० आन्तरिक स्रोतको बजेटबाट खर्च गरेको छ । अत कार्यालयले ऐन तथानिर्देशिकाको ब्यवस्था पालना हुनु पर्दछ । | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ३ | ८०५३००।०० |
| २ | ट्याक्टर | | १४५९९९९।०० |
| | जम्मा | | २२६५२९९।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.२ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिकखरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति<br>४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति<br>माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्य प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आ.वा.बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयेले अधिकाश योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सहि गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन । गाउपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| १८.३ | | | **गुणस्तरपरीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यावसायीबाट आपर्ति गरेका अधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत गाउपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.४ | | | **म्याद थप:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायी,आपुर्तिकर्ता,सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै समबन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निबदेन दिनु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यलयमा गत बिगत देखि सम्झौता भई हालसम्म सम्झौता बमोजिमका कार्य सम्पन्न हनु नसकी बाकी रहेका निर्माणका कार्यहरुको निर्माण ब्यावसायीले अवधि भित्र निबदेन नदिएको अवस्थामा समेत अधिकाशंको गाउपालिकाले एकमुष्ट रुपमा निर्णय गराई म्याद थप गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था प्रकृया पुरा नगरी म्याद थप गर्दा बिगत देखिका योजनाहरु सम्पन्न हुन नसकेको देखिन्छ भने अर्कोतर्फ निमार्ण ब्यावसायीको ढिलाईको कारणले गर्दा सम्पन्न नभएका योजनाहरुबाट पूर्वनिधारीत क्षेतिपुर्ति लिन बाट बन्चित गरेको देखिन्छ । अत गाउपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था कार्यान्वयन गर्न तर्फ ध्यादिनु पर्दछ । | |
| १८.५ | | | **सार्वजनिक परीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पार्दशिताको प्रबद्र्न गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।अत गाउपालिका कार्यालयले सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १९ | | | **कोभिड संक्रमणको बेला खरिद भएको जिन्सीको अभिलेख**<br>सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ४७(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसमानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्नेछ ।गाउँपालिकाको कोभिड खर्च अन्तर्गत विभिन्न समयमा खरिद भएका औषधि तथा विभन्न सामानको जिन्सी दाखिला नभएको तथा हस्तान्तरण भई आएका सामानको अभिलेख अद्यावधिक राखेको देखिएन ।यसले पालिकाको औषधि तथा जिन्सी सामान हिनामिना एवम् दुरुपयोग हुने देखिन्छ ।अतः नियमावलीमा भएको व्यवस्थानुसार सामानको जिन्सी अद्याविधक गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **ज्यालादारी कर्मचारीको तलब**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा कोभिड व्यवस्थापनको लागि ज्यालादारीमा २१ जना कर्मचारीहरु ज्यालादारीमा वर्ष भरि राखि रु.२६१८००५ खर्च लेखेको छ। कोभिड व्यवस्थापन प्रयोजनार्थ क्वारेटाइन तथा आइसोलेसनमा राखेको ज्यालादारी कर्मचारीहरु लेखापरीक्षण अवधिसम्म राखेको देखियो। कार्तिक पश्चात क्वारेन्टाईन तथा आइसोलेसन बन्द रहेको अवस्थामा पनि मंसिर देखि आषाढसम्म रु.१५५७६६२।ज्यालादारी वापत तलब भुक्तानी भएको पाइयो। साथै कर्मचारीहरुलाई के कसरी निययुक्ति गरी ज्यालादारीमा राखेको हो सो सम्बन्धमा पनि यकिन हुन सक्ने अवस्था देखिएन। क्वारेन्टाईन एवम् आईसोलेसन संचालन नभएको अवधिमा पनि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु | १,५५७,६६२ |
| २१ | १८० | २०७८-३-३ | **घटी कर कटी**<br>आयकर ऐन २०५८ को दफा ८८ बमोजिम वार्षिक आयमा समावेश नभएको आयमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कर्मचारीलाई कोभिड भत्ता बापत रु१९९०८५ भुक्तानी गरेको छ। सो वापत १५ प्रतिशतका दरले रु २९८६२.७५ कर कट्टि गर्नुपर्नेमा रु.१९९०.८५ मात्र कट्टि गरेकोले घटी कर कट्टि भएको रु २७८७१.९ सम्बन्धीत बाट असुल हुनुपर्ने रु | २७,८७२ |
| २२ | | | **जिन्सी निरीक्षण प्रतिवेदन**<br>जिन्सी निरीक्षण प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ (१) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेकोले पालिकाको जिन्सी मालसमान अवस्था बारे यकिन हुन सकिएन। नियमावलीले गरेको व्यावस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी जिन्सी सामानको विवरण अभिलेख अद्यावधिक गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **म ले प फारमको प्रयोग नभएको**<br>राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका म ले प फारामहरु प्रयोग गर्नु पर्दछ ।राजश्व तर्फ म ले प फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन् ।जस अनुसार म ले प फा नं १०२, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजस्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फाराम ११२, राजस्व/आम्दानीको केन्द्रीय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुले उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन ।तोकिएका म ले प फा नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नु पर्दछ । | |
| २४ | | | **कोभिड खर्च**<br>कोभिड १९ बाट उत्पन्न परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिकबाट श्रोत व्यवस्थापन गरी क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन, गाडी भाडा, जनशक्ति परिचालन, कोभिड सम्बन्धि सुचना प्रकाशन, औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री सोझै खरिद, कोभिड भत्ता, आईशोलेसन केन्द्र टिकापुर अस्पताल निर्माण व्यवस्थापनमा खर्च गरेको छ ।कोभिड कोषमा आफ्नै निकायबाट निकासा प्राप्त भएकोमा सो को शीर्षकगत खर्चको विस्तृत विवरण गाउँपालिकाले तयार गरेको छैन ।शीर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन ।पालिकाबाट कोभिड बिरामी संख्या विवरण प्राप्त नभएकोले प्रति बिरामी कति खर्च भएको हो तथा कोभिड शीर्षकमा भएको खर्च सम्बन्धमा यकिन हन सकिएन । साथै पालिकामा प्राप्त भएको कोभिड खोप प्राप्ति सम्बन्धि विवरण प्राप्त नभएकोले कति खोप प्रयोग भएको कति जर्ति र कति फिर्ता भएको हो सम्बन्धमा यकिन हुन सकिएन । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छः | |

| आम्दानीको | रकम | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | ० | राहात वितरण | ० |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १२८०२३४६ | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | २००००० |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | २६१८००५ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ३४७९१२४ | | |
| | | | | अन्य स्रोतबाट प्राप्त | | स्वास्थ्य पूर्वाधार निर्माण | | | |
| | | | | | | अन्य शीर्षकमा भएको खर्च | २००९५३२ | | |
| | | | | | | बाँकी | ४४९५६८४ | | |
| | | | | जम्मा | १२८०२३४६ | जम्मा | १२८०२३४६ | | |
| २५ | | | **सार्वजनिक खर्चमा मितब्ययीता** | | | | | | |
| २५.१ | | | सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को प्रस्तावनामा स्रोतको बढदो माग ब्यवस्थापन गर्ने चुनौती रहेको बर्तमानअवस्थामा कोभिड १९ को सक्रमणले आर्थिक क्रियाक्रलाप प्रभावित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना भएको र यस रोकथामको नियन्त्रण र उपचारका लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन,अर्थतन्त्रको पुनस्थापना गर्न अनिर्वाय दाँयित्व ब्यवस्थापन गर्न तथा निर्माणाधीन आयोजनालाई निरन्तरता दिदै सार्वजनिक खर्चलाई थप मितब्ययी एव.नतिजामुखि बनाउन वाञ्छनीय भएकोले मापदण्डको बुदा न.३ मा अति आवश्यक बाहेक फनिचर तथा फिक्चर्स खरिद गर्न नपाईने, बुदा न,५ मा बैदेशिक भ्रमण किफाएती बनाउने, बुदा न. ६ मा कार्यालयका पदाधिकारी उपस्थित मात्रको बैठकको भता दिन नपाईने,बुदा न.७ मा नया सवारी साधन अर्थको सहमति बेगर खरिद गर्न नपाईने,बुदा न. ८ मा सम्पति लिलाम असोज मसान्तभित्र गरि सक्नु पर्ने, बुदा न. ९ मा दिघर्कालिन दायीत्व सिर्जना हुने गरि ठेक्का बन्दोबस्तो गर्न नपाईने आदी मापदण्ड निर्धारण गरी यी मापदण्द सबैले पालना गर्नु पर्ने छ भनी उल्लेख गरेको छ । लेखापरिक्षणको क्रममा उक्त कुरा पालना गरे नगरेको अवलोकन गर्दा अधिकांश बिषय बस्तुको पालना गरेको अवस्था देखिएन । अत गाउपालिका कार्यालयले उक्त प्रावधानको पालना गरी सार्वजनिक खर्चलाई मितब्ययी बनाउनतर्फ ध्यान दिनु पर्दछ ।<br><br>। | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | **नापी कितावः** निर्माण सम्वन्धी कामको विवरण नापी कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापी कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नु पर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परीक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । यस गाउपालिका कार्यालयदारा गत बिगत आ.वा.मा संचालित योजना हरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आ.वा.का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ | |
| २६ | | | **कार्य सम्पन्न प्रतिबेदन** | |
| २६.१ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | | | **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने उचित आधार र प्रर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको बिवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले आर्थिक बर्ष २०७६।७७ को बिभिन्न निर्माण कार्यको अधुरा योजनाको भुक्तानी दिन बाँकी भनी एकमुष्टको बिवरण नराखी भुक्तानी अनुसार फरक फरक गरी राखेको देखिन्छ । यसरी फरक फरक राखेको बिवरणको आधारमा नाम नामेसी भुक्तानी दिन बाकी जिम्मेवारी सारेको भनी आर्थिब बर्ष २०७७।७८ मा भुक्तानी दिएको देखिन्छ । भुक्तानी दिनु पर्ने रकमको नाम नामेसी सहितको कच्चावारी तयार गरी आर्थिक बर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गरी राख्नु पर्नेमा नाम नोमसी सहित राखेको देखिएन । गाउपालिका कार्यालयले कानुनमा भएको ब्यवस्था अनुसार नाम नोमसी सहितको कच्चावारी राखेको नदेखिकोले भुक्तानी दिन बाकी रकम भुक्तानी भएकै योजनाको र गत बर्ष भुक्तानी नभै सरी आएको हो भनी एकिन गर्न सकिएन गर्न सकिएन ।अत गाउपालिकले यसरी भुक्तानी दिन बाकी रहेको रकमको नामनामसी सहितको बिवरण खुलाई राख्न तर्फ ध्यान दिनु पर्दछ । | |
| २७ | | | **अधुरा योजना**<br>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले गत बर्षमा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । यस सम्बन्धमा देखिएका केही ब्यहोराहरू निम्न छन । | |

| योजनाको नाम | आर्थिक बर्ष | निर्माण कम्पनीको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| गढी घैला लहवागढ सडक कालोपत्रे | २०७६।७७ | मित्र महरा जे.भी. | १८००२९०२ | ५१७२१०४ |
| जोशिपुर चौराह देखि हस्नापुर सडक कालोपत्रे | २०७६।७७ | मित्र । महरा जे.भी. | १२८५५४२० | ७५२२४२५ |
| गाउपालिका भवन निर्माण | २०७५।७६ | बि एण्ड बि बिल्ड्स | १०६२२५५६ | ९९७१८१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बार्षिक खरिद योजना तथा गुरूयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७४५११९८८६।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २९ | | | **आन्तरिक आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.२ करोड २९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१ करोड ५१ लाख ९३ हजार ४४१ अर्थात अनुमान भन्दा ३३.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ । कार्यालयले आन्तरिक आय अनुमानको तुलनामा असुली कम देखिएकोले याथार्थपरक आय अनुमान गर्न सकेको देखिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्याविधक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ । | |

| राजश्व शीर्षक | अनुमानित | प्राप्त रकम |
|---|---|---|
| एकिकृत सम्पत्ति कर | १६०००००० | ३७२३९९३ |
| भूमिकर/ मालपोत | २००००० | ७७१६१ |
| घरबहाल कर | २५०००० | ३३५३२२ |
| बहाल विटौरी | ७००००० | १९९५६०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | सवारी साधन | ५००० | ० | |
| | | | | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५००० | ० | |
| | | | | अन्य कर | २१०००० | ७०३२६ | |
| | | | | अन्य बिक्रीबाट प्राप्त रकम | १००००० | ० | |
| | | | | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १४६५८ | |
| | | | | नक्सापास दस्तुर | ४२५००० | १३६७८५ | |
| | | | | सिफारिश दस्तुर | १५००००० | १५४६५९५ | |
| | | | | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ११८१७५ | |
| | | | | नाता प्रमाणित दस्तुर | २४५००० | ४१६५० | |
| | | | | अन्य दस्तुर | ३००००० | १२९९१०४ | |
| | | | | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०००००० | १३७०५० | |
| | | | | अन्य राजस्व | २६०००० | ५६९१९२५ | |
| | | | | जम्मा | २२९००००० | १५१८८३५२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**राजश्व दाखिला**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।पालिका देहायको वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना असुल गरेको देखिएन । देहायको वडाहरुको असुली आम्दानी रकम भन्दा कम दाखिला भएकोले रु. ३४३६५२। सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल हुनुपर्ने र अन्य वडाको ढिलो दाखिला सम्बन्धमा तहाँ कार्यालयबाट छानविन भई जरिवाना असुल हुनुपर्ने रु

<table>
<tr><th>शीर्षक</th><th>आम्दानी रकम</th><th>दाखिला रकम</th><th>दाखिला गर्न बाँकी रकम</th><th>ढिलो दाखिला रकम</th></tr>
<tr><td>वडा नं.१</td><td>१०६७७५४</td><td>१०१९६३०</td><td>४८१२४</td><td>४८१२४</td></tr>
<tr><td>वडा नं.२</td><td>८२८९३४</td><td>६८१५४७</td><td>१४७३८७</td><td>१४७३८७</td></tr>
<tr><td>वडा नं.३</td><td>७२६४४७</td><td>७०४३६८</td><td>२२०७९</td><td>२२०७९</td></tr>
<tr><td>वडा नं.४</td><td>५४०३०७.७६</td><td>४९४२६६</td><td>४६०४१.७६</td><td>४६०४१.७६</td></tr>
<tr><td>वडा नं.६</td><td>८३०४४३</td><td>७९५२३३</td><td>३५२१०</td><td>३५२१०</td></tr>
<tr><td>वडा नं.७</td><td>५२४११५</td><td>४७९३०५</td><td>४४८१०</td><td>४४८१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४३६५२</td><td></td></tr>
</table>

</td><td>३४३,६५१.७६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **घटि बैंक मौज्दात**<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ७१ (१) र २ बमोजिम बैंकबाट धरौटी खाताको बैंक स्टेटमेन्ट प्राप्त गरी श्रेस्ता बाँकी रकम र बैंकमा बाँकी रकम मासिक रुपमा भिडाई हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । पालिकाको धरौटी श्रेस्ताअनुसार रु.७६९२४५५।६६ आम्दानी भएको तर बैंक स्टेटमेन्टअनुसार बैंक मौज्दात रु.७६८०९५३।– रहेको देखियो ।घटी बैंक मौज्दात रु.१११५०२।६६ सम्बन्धमा तहाँ कार्यालयबाट छानबिन भई प्रमाण पेश हुनुपर्ने रु | ११,५०२.६६ |
| ३२ | | | **प्रमाण पेश गर्नुपर्ने**<br>१२-२०७८।३।१ महिला तथा बालबालिकातर्फ सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ ।खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा प्रशिक्षक श्री गणेश कडायतलाई ७ दिनको प्रशिक्षण र कार्यपत्र वापत रु.२८५६०/- भुक्तानी भएकोमा निजले कति वटा कक्षा लिएको कुन कुन विषयमा प्रशिक्षण गरेको class schedule सहित कार्यपत्र पनि पेश भएको देखिएन ।निजलाई भुक्तानी भएको कार्य वापतको रकमको पुष्टयाई हुने कागजात पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | २८,५६० |
| ३३ | | | **वितरणमुखि कार्यक्रम**<br>गाउँपालिकाले अनुदानको कार्यक्रम संचालन गर्दा कार्यविधि बनाई संचालन गर्नुपर्दछ । कार्यक्रम सञ्चालनका लागि आवश्यक नियम, कार्यविधि निर्माण, लाभग्राहीको संख्या पहिचान तथा मापदण्ड तयार गरी अनुदान वितरण गरेको छैन्। साथै कार्यक्रम सञ्चालन पश्चात्त सोको अनुगमन, उपलब्धि प्रगति विवरण समेत संलग्न गरेको देखिएन । यस्ता प्रकृतिका योजना छनौट गर्दा मापदण्ड तयार गरी परीणाममुखी र उपलब्धी मापनयोग्य कार्यक्रम सञ्चालन गर्नेतर्फ ध्यान जानु पर्दछ । | |

| भौ.नंरमिति | कार्यक्रम | भुक्तानी | कैफियत |
|---|---|---|---|
| महिला तथा बालबालिका चालुतर्फ | | | |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१-२०७८/३/३० | चाउमिन बनाउने सामग्री | १९९१६०।- | अपाङ्ग समूह | | |
| | | | | कृषि तर्फ | | | | | |
| | | | | ३-२०७७/८/१५ | उन्नत गहुँको बिउँ खरिद तथा वितरण | ४९९८५०।- | कृषक तथा कृषक समूह | | |
| | | | | ४-२०७७/८/१६ | आलुको टि पि एस बिउ | २६४६००।- | कृषक तथा कृषक समूह | | |
| | | | | ५-२०७८/१/६ | च्याउको बिउ वितरण | १९४३७०।- | कृषक तथा कृषक समूह | | |
| | | | | १०-२०७८/३/३० | बिँउ | ११६३३२५।- | कृषक तथा कृषक समूह | | |
| | | | | १२-२०७८/३/३० | कृषिजन्य औषधि | ८८६६९७।- | कृषक तथा कृषक समूह | | |
| | | | | | जम्मा | ३२०८००२।- | | | |
| | | | पालिकाले आ व २०७७।७८ मा रु१९२७७७५।बिउँ वितरण गरेकोमा पालिकाको नगर प्रोफाइल अद्यावधिक नभएकोले कृषि उत्पादन बढे नबढेको यकिन हुन सक्ने अवस्था देखिएन ।यसले खर्च भएको रकमको सदुपयोग भएको हो भनि यकिन हुन सकिएन । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | ८ | २०७७-१२-११ | **सदस्य बाहेकको भत्ता**<br>महिला तथा बालबालिकातर्फ जोशीपुर गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ बमोजिम अपाङ्गता समन्वय समितिको व्यवस्था रहेको छ ।पालिकाले समितिमा सदस्य नभएको देहायका ४ जनालाई पनि रु. २२९५०।– भत्ता भुक्तानी भएको पाइयो । कार्यविधिमा भएको व्यवस्था विपरीत भुक्तानी भएको भत्ता सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ३०,६०० |

| नाम | कर कट्टि गरी भुक्तानी भएको रकम |
|---|---|
| बबिता ढकाल | ७६५०।- |
| चानकी चौधरी | ७६५०।- |
| विश्वमाया महतो | ७६५०।- |
| जम्मा | २२९५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**बढी भुक्तानी**

१२-२०७८।३।१ महिला तथा बालबालिकातर्फ अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७५ को बुँदा नं.७.१.१५ क्र.सं.७ बमोजिम सहायकस्तरको तालिम, गोष्ठि, समारोह, सम्मेलन र कार्यशालाको संयोजक र सहजकर्ता वापत क्रमशः रु.३००/-र रु.१५०। पाउने व्यवस्था छ । पालिकाले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा देहायको पदाधिकारी तथा कर्मचारीलाई संयोजक र सहजकर्ता वापत निर्देशिकामा तोकिएको भन्दा देहाय अनुसारको बढी रकम भुक्तानी गरेको छ । निर्देशिका विपरीत बढी भुक्तानी भएको रु. १०,७०९/- सम्बन्धितबाट असुल हुनुपर्ने रु

<table>
<tr><th>नाम</th><th>विवरण</th><th>दिन</th><th>प्रति दिन भुक्तानी भएको</th><th>प्रति दिन वापत भुक्तानी गर्नुपर्ने</th><th>कर कट्टि गरी भुक्तानी भएको</th><th>कर कट्टि गरी पाउनु पर्ने</th><th>बढी</th></tr>
<tr><td>बबिता ढकाल</td><td>संयोजक</td><td>७</td><td>१०००।-</td><td>३००।-</td><td>५९५०।-</td><td>१७८५।-</td><td>४१६५।-</td></tr>
<tr><td>चानकी चौधरी</td><td>सहजकर्ता</td><td>७</td><td>१०००।-</td><td>१५०।-</td><td>५९५०।-</td><td>१७८५।-</td><td>४१६५।-</td></tr>
<tr><td>विश्वमाया महतो</td><td>सहायक सहजकर्ता</td><td>७</td><td>४००।-</td><td>१५०।-</td><td>२३८०।-</td><td>८९३।-</td><td>१४८७।-</td></tr>
<tr><td>गणेश चौधरी</td><td>कार्यक्रम सहयोगी</td><td>७</td><td>३००।-</td><td>१५०।-</td><td>१७८५।-</td><td>८९३।-</td><td>८९२।-</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td>१०७०९।-</td></tr>
</table>

</td><td>१०,७०९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **वितरण भर्पाई**<br>कृषि चालुतर्फ सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ ।खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फलफूल बिउ तथा भिटामिन वितरणका लागि रु.१३५९०० /- खरिद गरी वितरणका लागि भुक्तानी गरेकोमा उक्त फलफूल तथा औषधिको वितरण भरपाई पेश नभएकाले खर्च पुष्टिको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १३५,९०० |

| गो.भौ.नं.मिति | सामानको नाम | परिणाम | प्रति गोटा | रकम | फर्मको नाम |
|---|---|---|---|---|---|
| १०-207८/३/३० | लिचि | १०० बोट | ४९५ | ४९५००।- | रोयल बडिमालिका एग्रो प्रा. ली. |
| | आँप | १०० बोट | ४५० | ४५०००।- | |
| १२-207८/३/३० | भिटामिन १०० mm केरा | ६० | ६९० | ४१४००।- | |
| | **जम्मा** | | | १३५९००।- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **जिन्सी विवरण अध्यावधिक नरहेको**<br>कार्यालयमा हस्तान्तरण वा खरिद बाट प्राप्त जिन्सि सामाग्री महालेखा नियन्त्रकको कार्यालयबाट लागु गरिएको PAMS मा इन्ट्रि गरेपछि मात्र रकम भुक्तानी गर्ने र खरिद गरिएको सामाग्रीको लगत पनि सोही सफ्टवेयरमा राख्नुपर्दछ । पाम्स सफ्टवेयर लागु हुनुपुर्वका जिन्सी सामाग्रीको लगत यस सफ्टवेयरमा प्रविष्टि गरि लगत अध्यावधिक राख्नुपर्दछ । तर पालिकाले सञ्चालन गरेको पाम्स सफ्टवेयरमा पालिकाको जिन्सी सामाग्रीको लगत २०७७ कार्तिक मसान्त भन्दा पहिकाको सामाग्रीको लगत उपलब्ध नभएकोले कार्यालयमा भएका जिन्सी सामाग्री विवरण अध्यावधिक भएको एकिन हुन सकिदैन । पालिकाले उक्त अवधि भन्दा अगाडीको समाग्री प्रविष्ट गरि जिन्सी अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | ६८५ | २०७७-१२-२५ | **प्रमाण पेश गर्नुपर्ने**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि निर्माण कार्यक्रमको रकमबाट कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि र आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको उल्लेख गरि समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.ली. लाई पेश गरेको विलको आधारमा कृषक समूह गठन व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धी कार्यविधिको रु.१५१०००.० र आन्तरिक नियन्त्रण प्रणालीको लागि रु.२५१०००.० (भ्याट वाहेक) रकम भुक्तानी गरेको गरेको छ । यसरी रु.४५००००.० को कार्यक्रमको लागत अनुमान खरिद विधि एकिन नगरी उक्त संस्था यस्तो कार्यविधि वनाउन योग्य हो वा होइन पनि एकिन नगरि तथा संस्थासंग सम्झौता समेत नगरि सोझै रकम भुक्तानी भएको देखिन्छ । अतः संस्था यस्तो कार्य गर्न सक्षम हो वा होइन त्यसको आधार, सम्बन्धित संस्था छनौटको आधार, सम्झौता र दुइ वटै कार्यविधि तयार गरी कार्यालयले स्वीकार गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४५०,००० |
| ३९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ३९.१ | | | **कार्यक्रम छनौट र कार्यान्वयनः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सिचाइ कुलो मर्मत, पार्क निर्माण, घेरावार निर्माण कार्य, सरसफाई कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४५५ जनालाई रोजगारी उपलव्ध गराई रु. ११६३१९८४।- खर्च गरेको छ । लक्षित वर्गलाई १० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| वडा नं | कार्यकम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम | ज्यालामा भएको खर्च | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|
| | | | 723800 | 723800 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | जोशीपुर गाउँ को पछाडी सुकुटी नाला को पुल देखि पश्चिम राजिपुरबिस्निहान घर सम्म बाटो मर्मत | १४ | | | १०० | |
| | | | २ | दान सिंह बडायकको खेत देखि लहानु चौधरीको घर सम्म नया बाटो निर्माण | ४५ | ८८४०७० | ८८४०७० | ३८ | |
| | | | २ | नव दुर्गा आधारभूत विद्यालय देखि गणेश कुश्मी को घर सम्म नया बाटोनिकासा | ४५ | ५३५०९५ | ५३५०९५ | २३ | |
| | | | २ | घुसारी नर्सरीमा झारपात सरसफाई | २२ | ६८२४४० | ६८२४४० | ६० | |
| | | | २,७ | भगतपुर पिच रोड देखि दक्षिण २ नं वडा जोड्ने नया बाटो निर्माण | २२ | 426525 | 426525 | ३७.५ | |
| | | | ३ | फाडिया जनहित सामुदायिक बनमा पार्क व्यबस्थापन | १९ | ६६३०५३ | ६६३०५३ | ६७.५ | |
| | | | ४ | कुटनी माता लालपुर बाणी, लाल्बोझिया हस्नापुर ,बन्जारी बोझियाझाबाहीको ढल निकास गर्ने | १५ | २०५५०८ | २०५५०८ | २६ | |
| | | | ४ | खोदाऊ नाला सरसफाई तथा विभिन्न ठाउँ मा सडक मर्मत | १५ | ३४१२२० | ३४१२२० | ४४ | |
| | | | ५ | जोशीपुर बन्कत्तामा रहेको दिदिकुन्दबाट आएको बन्कत्ता कुलो दमै कोघर देखि ठाकुरद्वारा स्थान जाने बाटो सम्म कुलो मर्मत | ३६ | १८०४८४७ | १८०४८४७ | ९५ | |
| | | | ५ | जोशीपुर गाउँपालिका वडा नं ५ बन्कत्ता हासी बिकको घर देखि पूर्वपथरिया नदि सम्म नयाँ बाटो निर्माण | १५ | ५३१२१८ | ५३१२१८ | ६८.५ | |
| | | | ५,४ | बासुली जागाको घरदेखी मैन्खारी सामुदायिक भवनसम्म बाटो मर्मत | १५ | ४१८७७० | ४१८७७० | ५४ | |
| | | | ५ | वडा नं. ५ सिमराना राधा चौधरीको घरदेखि पश्चिम झुदिया वडा नं. ५ जोड्ने सोमै डंगौराको घरसम्म नयाँ सडक निर्माण | १७ | ७२०१८१ | ७२०१८१ | ८२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मैनपोखरी दक्षिण घरानबुन्दिलाल्को घर देखि दक्षिण कृषि रोड सम्म नयाँ सडक निर्माण आयोजना | ३३ | ७९३३३६.५ | ७९३३३६.५ | ४६.५ |
| ५ | मैपोखरी चमरी लाल चौधरीको घर देखि पूर्व मुक्त कमैया शिबिर सम्मनया सडक निर्माण | ३३ | 204732 | 204732 | १२ |
| ६ | सिमरी गोबिन्द रावत को घर देखि स्कुल पछाडी सुकुली नाला मर्मत | ३६ | १८५६५४७ | १८५६५४७ | ९९.५ |
| ७ | लोखरी सुन्तुको घरदेखि जयरामको घर सम्म बाटो मर्मत सम्भार | १५ | २७९१८० | २७९१८० | ३६ |
| ७ | जनता प्रा.बि. लोहागढ़ पर्खाल निर्माण | १९ | 117876 | 117876 | १२ |
| ७ | रघुनाथ क्यम्पसमा पार्क निर्माण, | १२ | १८६१२० | १८६१२० | ३० |
| ७ | बि पी इस्मिर्ती स्चूल मापर्खाल निर्माण, | १५ | ७७५५० | ७७५५० | १० |
| ७ | भगतपुरमा सामुदायिक भवन निर्माण | १२ | १७९९१६ | १७९९१६ | २९ |
| | जम्मा | ४५५ | ११६३१९८४ | ११६३१९८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रममा बढी दरमा ज्याला भुक्तानीः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को बुँदा नं.२७(१) अनुसार श्रमिकको पारिश्रमिक भुक्तानी गर्दा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक दर बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले निर्देशिकाले निर्धारण गरेको अदक्ष कामदारको दैनिक ज्याला रु.५१७।– राख्नुपर्नेमा जिल्ला दररेट अनुसारको दर रु.५८०।– राखि दर विश्लेषण गर्दा Surface Dressing मा प्रति वर्ग मिटर ५.१७ हुनुपर्नेमा ५.८ र Soil Excavation मा प्रति घन मिटर रु.२६६.२६ हुनुपर्नेमा रु.२९८.७ भएको छ । अत देहायबमोजिमको योजनामा निर्देशिकाले तोकेभन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु. | ९८२,९१४.२६ |

| भौ.नं. | योजनाको नाम | काम | परिमाण | हुनुपर्ने रकम | भएको रकम | बढी रकम |
|---|---|---|---|---|---|---|


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १८६ | जोशीपुर गाउँको पछाडी सुकुटी नालाको पुलदेखी पश्चिम राजीपुर विस्नीहान घर सम्म बाटो मर्मत | Surface Dressing | ७६००. | 39292 | 44080 | 4788 | |
| | | | | | Soil excavation | २२८०. | 607072.8 | 681036 | 73963.2 | |
| | | | १९८ | धान सिंह बडायकको खेत देखि लानस चौधरीको घरसम्म नयाँ बाटो निर्माण | Soil excavation | २९७०. | 790792.2 | 887139 | 96346.8 | |
| | | | २४६ | नव दुर्गा आधारभुत विद्यालय देखि गणेश कुश्मीको घर सम्म नयाँबाटो निर्माण | Soil excavation | १७८०. | 473942.8 | 531686 | 57743.2 | |
| | | | १८३ | भगतपुर पीच रोड देखि दक्षिण २ नं. वडा जोड्ने नयाँ बाटो निर्माण | Soil excavation | १४४०. | 383414.4 | 430128 | 46713.6 | |
| | | | १९० | कटुनी माता लालपुर वाणी लालबोझीया हस्नापुर वन्जरिया बोझीया झबहीको ढल निकासा गर्ने | Soil excavation | ६९२. | 184251.92 | 206700.4 | 22448.48 | |
| | | | २१९ | खादाउ नाला सरसफाइ तथा विभिन्न ठाउँमा सडक मर्मत | Soil excavation | १२५१ | 333091.26 | 373673.7 | 40582.44 | |
| | | | १६६ | जोशीपुर बन्कटामा रहेको डिडीकुण्डाबाट आएको बन्कता कुलो दमैका घर देखि ठाकुरदार स्थान सम्म जाने बाटो सम्म कुलो मर्मत | Soil excavation | ९९६० | 51493.2 | 57768 | 6274.8 | |
| | | | | | Surface Dressing | ५८९२ | 1568803.9 | 1759940.4 | 191136.48 | |
| | | | १८४ | जोशीपुर गा.पा. वडा नं. ५ बनकटा हासी विकको घर देखि पूर्व पथरिया नदी सम्म नया बाटो निर्माण | Soil excavation | १७८३ | 474741.58 | 532582.1 | 57840.52 | |
| | | | १६८ | बासुली जागाको घरदेखि मैनपोखरी सामुदायिक भवनसम्म बाटो मर्मत | Soil excavation | ४४०० | 22748 | 25520 | 2772 | |
| | | | | | Surface Dressing | १३२० | 351463.2 | 394284 | 42820.8 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८७</td><td>मैनापोखरी दक्षिण घरान बुन्दीलालको घर देखि दक्षिण कृषि रोड सम्म नयाँ सडक निर्माण</td><td>Soil excavation</td><td>२६८०</td><td>713576.8</td><td>800516</td><td>86939.2</td></tr>
<tr><td>१८९</td><td>मैनपोखरी चमारीलाल चौधरीको घर देखि पुर्व मुक्त कमैया शिविर सम्म नयाँ सडक निर्माण</td><td>Soil excavation</td><td>७००</td><td>186382</td><td>209090</td><td>22708</td></tr>
<tr><td rowspan="2">१७१</td><td rowspan="2">सीमरी गोविन्द रावतको घरदेखि स्कुल पछाडी सुकुटी नाला मर्मत</td><td>Soil excavation</td><td>५५६०</td><td>28745.2</td><td>32248</td><td>3502.8</td></tr>
<tr><td>Surface Dressing</td><td>६१०४</td><td>1625251</td><td>1823264.8</td><td>198013.76</td></tr>
<tr><td>१९९</td><td>लेखरी सन्तुको घरदेखि जयरामको घर सम्म बाटो मर्मत सम्भार</td><td>Soil excavation</td><td>८७३</td><td>232444.98</td><td>260765.1</td><td>28320.12</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td></td><td>९८२९१४.२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षण हुँदासम्म फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षणमा देखिएका निम्नानुसारका व्यहोरा लेखापरीक्षणसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>गो भौ नं</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td colspan="4">समानिकरण चालुतर्फ</td><td></td></tr>
<tr><td>१</td><td>५६२-२०७७।११।१३</td><td>सामान कम्प्युटर एण्ड मल्टी सप्लायर्स जोशीपुर २ कैलाली नमुना सहकारी संस्थालाई कम्प्युटर तथा फोटोकपी सहित प्रिन्टर खरिदमा अग्रिम आय कर रु.१३०५.० कट्टि भुक्तानी गर्नुपर्नेमा</td><td>११७४.०</td><td>असुली</td></tr>
</table>
</td><td>८७,९७४</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | रु.१३१.० मात्र कट्टी भएकोले कम कट्टी भएको अग्रिम आय कर रकम रु.११७४.० सम्बन्धितबाट असुली गरि दाखिला गर्नुपर्ने रकम रु. | | | |
| | | | २ | ९२८-२०७७।२।२८ | गाउँपालिका अन्तर्गत हुने मेसिनरी औजार तथा मर्मत सम्भार शिर्षकमा भएको खर्च रकम बेला ट्रेडर्स टिकापुर १, कैलालीलाई रु.१९९००.० भुक्तानी गर्दा मर्मत तथा संरक्षण अभिलेख खाता र मर्मत सम्भार तथा संरक्षण आवेदन फारम र मर्मत आदेश संलग्न नगरी भुक्तानी गरेकोले उल्लेखित काजगात पेश गर्नुपर्ने रकम रु | १९९००.० | प्रमाण | |
| | | | ३ | ९४७-२०७८।३।२३ | बबिता ढकाल वडा नं. ६ को सवारी साधन मर्मत गरेको मर्मत आदेश दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रु | १३९००.० | प्रमाण | |
| | | | ४ | १०६६-२०७८।३।३० | नरेन्द्र बहादुर कठरियाको गाउँपालिका अन्तर्गत हुने अन्य कार्यालय संचालन खर्च र सवारी साधन तथा मेसिनरी औजार भाडा खर्चको पेश्की फछ्यौंटको बिल भर्पाई पेश गर्नुपर्ने रु | २५०००.० | प्रमाण | |
| | | | ५ | ८३७-२०७८।३।६ | एस.डि.एस गुडस सप्लायर्स मेसिनरी औजार मर्मत सम्भार बिल भरपाई पेश गर्नुपर्ने रकम रु | १८०००.० | प्रमाण | |
| | | | गाउँपालिका पुँजिगत तर्फ | | | | | |
| | | | ६ | २२२-२०७७।१२।१८ | जय मालिका निर्माण सेवा बर्दगोरिया १ कैलालीको डिडीकुण्डा कुलो निर्माण कार्यको भुक्तानी गर्दा अनुगमन प्रतिवेदन पेश नगरि भुक्तानी गरेकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने र संलग्न बिल अनुसार रु.४६१२०१.३६ भुक्तानी हुनुपर्नेमा रु.४७१२०१.३६ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.१००००.० सम्बन्धितबाट असुल हुनुपर्ने रु | १००००.० | असुली | |
| | | | | | जम्मा | ८७९७४.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **सवारी चालक अतिरिक्त भत्ता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले हलुका सवारी चालक श्री सुवास चौधरीलाई अतिरिक्त समयमा काम गरेको उल्लेख गरी वार्षिक रु.८००००.० भुक्तानी दिएको छ । यसरि अतिरिक्त समयमा काम गरेको भत्ता पाउने सम्बन्धि पालिकाको निर्ण निजले काम गरेको विवरण लगाएतका प्रमाण कागजात पेश गर्नुपर्ने रु. | ८०,००० |
| ४२ | १९३ | २०७७-६-३० | **बढि भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले भगतपुर लोखरी हुँदै काँडा पुल सम्म बाटोको डिपिआर तयार कार्यक्रमकको लागि आइरिस इन्जिनियरिङ्ग कन्सलट प्रा.ली. सँग गत आर्थिक वर्षमा ६३८७९८.० को कार्यसम्पन्न विलको आधारमा गत आर्थिक वर्षमा रु.४५००००।– भुक्तानी भएको र भुक्तानी बाँकीको विवरणको आधारमा यस आर्थिक वर्षमा रु.१८८७९८.० भुक्तानी हुनुपर्नेमा रु.१९८६२०.० भएकोले बढी भुक्तानी रकम रु.१००००.० सम्बन्धित कम्पनीसँगबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | १०,००० |
| ४३ | | | **जनतासंग अध्यक्ष कार्यक्रम**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । जनतासँग अध्यक्ष कार्यक्रमको कुनै मापदण्ड तथा कार्यविधि नै तयार नगरी कार्यपालिकाले भैपरि आउने खर्च जस्तै पालिकाको पटके निर्णयको आधारमा रु. १४४३९०२.० खर्च लेखेको छ । कार्यपालिकाको पटके निर्णयबाट रकम खर्च गर्ने खालका कार्यक्रम नगरी कार्यविधि र मापदण्डको तयार गरि सोही अनुसार खर्च गर्ने परिपाटी निर्माण गर्नुपर्दछ । | |
| ४४ | | | **बहुमुखि क्याम्पसलाई अनुदान**<br>पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको रघुनाथ आदर्श बहुमुखि क्याम्पसलाई पालिकाट नै बजेट विनियोजन गरि गत आर्थिक वर्षको भुक्तानी बाँकी विवरणको आधारमा रु.१००००००.० र यस आर्थिक वर्षको अनुदान रकम रु.२००००००.० समेत रु.३००००००.० भुक्तानी गरेको छ । पालिका अन्तर्गतका विद्यालयको शैक्षिक गुणस्तरको अवस्था कमजोर रहेको अवस्थामा कार्यक्षेत्रभन्दा बाहिरको क्षेत्रमा अनुदान दिनुको सट्टा माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर सुदृढिकरणका क्रियाकलाप सञ्चालन गर्नेतर्फ जोड दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **अन्य कार्यालयको खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| **क्र स** | **कार्यलय वा संस्थाको नाम** | **कामको प्रकृतिको** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | जोशिपुर प्रहरी कार्यालय | इन्धन | ८००००.० |
| २ | जोशिपुर प्रहरी कार्यालय | व्यारेक निर्माण | ३८६१२६.० |
| ३ | नमुना सहकारी संस्था | कम्प्यूटर तथा प्रिन्टर खरिद | ९८३१०.० |
| ४ | इलाका प्रशासन कार्यालय टिकापुर | गाडी मर्मत | २६६८५१.० |
| | जम्मा | | ८३१२८७.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४६ | | | **वडा तर्फबाट विद्यालय अनुदान**<br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा पालिकाले कार्यविधि तयार गरि विद्यार्थी शिक्षक अनुपातको आधारमा सबै विद्यालयलाई शिक्षक व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा वडा कार्यालयले पनि निजिस्रोत शिक्षक अनुदान उपलब्ध गराउँदा एउटै विद्यालयमा समान क्रियकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । वडा कार्यालयबाट बजेट विनियोजन गरि देहायबमोजिमको विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम अनियमित देखिएको रु. | ८१७,००० |

| भौ.नं. र मिति | वडा | विद्यालयको नाम | रकम | कैफियत |
| --- | --- | --- | --- | --- |
| ३८३-२०७७।९।१४ | ४ | राष्ट्रिय मा.वि. डहरबेरिया | ३०००००.० | निजि श्रोत शिक्षण अनुदान |
| ६१५-२०७७।१२।१ | ५ | जनता मा.वि. | २०००००.० | निजि स्रोत शिक्षण अनुदान |
| ७२२-२०७८।१।६ | ५ | कृष्ण समशेर आ.वि. | १०००००.० | शिक्षक अनुदान |
| ८४२-२०७८३।७ | ६ | रघुनाथ आ.व.क्याम्पस | ५००००.० | क्याम्पसलाई अनुदान |
| ८४२-२०७८३।७ | ७ | रघुनाथ आ.व.क्याम्पस | ११७०००.० | क्याम्पसलाई अनुदान |
| १००५-२०७८।३।२९ | ६ | राष्ट्रिय मा.वि. लोखरी | ५००००.० | के कामको लागि अनुदान उपलब्ध गराएको हो एकिन नभएको । |
| जम्मा | | | ८१७०००.० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **वडा कार्यालयबाट वोरिङ्ग खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले ७ नं. वडा कार्यालयबाट ६ सेट वोरिङ्ग रु.३४४५५९.० र ५ नं. वडा कार्यालयबाट ५ सेट वोरिङ्ग रु.२७४१०३.० मा खरिद गरेको विलको आधारमा बोरिङ्ग सम्बन्धित ठाउँमा जडान भए नभएको नापजाँच नै नगरि रकम भुक्तानी गरेको छ । यसरि खरिद भएका बोरिङ्ग जडान भएको एकिन हुने प्रमाण कागजात तथा नापी किताब पेश गर्नुपर्ने रु. | ७१८,६६२ |
| ४८ | 8 | २०७८-३-१ | **बढी भुक्तानी**<br>मेलमिलाप कार्यकर्ताहरुलाई तालिम कार्यक्रमको लागि श्री वविता ढकालले रु.४९९६५०।– को पेश्की फछ्यौंट गरी भुक्तानी गर्ने क्रममा रु.४७३४४५।– को मात्र विल भर्पाइ पेश गरेकोले नपुग विल भर्पाइ वापतको रकम रु.२६२०५.० र वाह्य प्रशिक्षको लागि गणेश कडायत र रोहित देउवासँग प्रशिक्षक भत्ता वापत प्रति शेसन रु.२१०० र प्रतिदिन आवासिय खर्च वापत रु.१६००.० उपलब्ध गराउने सम्झौता गरि सोही अनुसार रकम भुक्तानी भएको अवस्थामा दोहोरो पर्ने गरि प्रशिक्षकलाई आवाशिय कोठा भाडा वापत २ कोठा ८ दिनको लागि रु.१४००।– का दरले रु.२२४००।– भुक्तानी गरेको दोहोरो आवासिय खर्च वापतको रकम रु.२२४०००.० समेत जम्मा रु.४८६०५।– पेश्की लिनेबाट असुल गरि दाखिला गर्नुपर्ने रु. | ४८,६०५ |
| ४९ | 191 | २०७७-६-२२ | **कार्य विवरण**<br>विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत वर्षातमा बाढी पिडित ओसार्ने भनि श्री लाल बहादुर चौधरी सँग सम्झौता गरी रु.५५०००.० भुक्तानी भएकोमा के काम कुन कुन समयमा के कति गरेको हो सोको विवरण नराखि सोझै रकम माग गरेको आधारमा भुक्तानी भएको देखिएको छ । के कति काम गरेको हो सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ५५,००० |
| ५० | २८७ | २०७८-३-३० | **शर्षक फरक पारि खर्च**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले शसर्त अनुदान कार्यक्रममा प्राप्त रकम तोकीएबमोजिमको कार्यक्रममा खर्च नगरी स्थानीय तहको लैँगिक हिंसा निवारण कोषमा खर्च गर्नुपर्ने रकमको रु.१०००००.०, कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रमको रु.१०००००.० र कृषक दर्ता व्यवस्थापन कार्यक्रमको रु.११४८७५.० गरि जम्मा रु.३१४८७५.० को रकम शिर्षक फरक पारी कार्पेट तथा पर्दा खरिदमा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु. | ३१४,८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | ९७३ | २०७८-३-२७ | **कला संस्कृति संरक्षण कार्यक्रम**<br>कला संस्कृत संरक्षण कार्यक्रम अन्तर्गत थमराज जोशीले पेश्की रकम रु.६१६५०।- लिइ वडा कार्यालय उद्घाटन र वडा दशै मेला भनि पेश्की फछ्र्यौटको लागि निवेदन दिएकोमा के कस्तो कार्यक्रम सञ्चालन भएको हो सो को विवरण, कार्यक्रमको प्रतिवेदन लगाएतका कागजात संलग्न नगरी खाजा खर्च विलको आधारमा पेश्की फछ्र्यौट भएको छ । कला संस्कृति संरक्षण सम्बन्धमा केकस्ता कार्यक्रम सञ्चालन भएको हो सो खुल्ने प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ६१,६५० |
| ५२ | | | **खर्च पुष्ट्याँइ**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न राखि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको रकम भुक्तानी गर्दा खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी रकम भुक्तानि गरेको देखिएकोले खर्च पुष्ट्याईका कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु. | ७९३,५०० |

| भौ.नं. र मिति | विवरण | भुक्तानी लिने | रकम | कैफियत |
|---|---|---|---|---|
| ४५२-२०७७।९।२५ | भ्रमण खर्च भुक्तानी | कमल राज उपाध्याय | १०५३५०.० | कागजात नभएको |
| १०४०-२०७८।३।३० | अन्य भाडा | चुनीराम चौधरी | ४००००.० | कागजात नभएको । |
| १०६०-२०७८।३।३० | भाडा वापतको रकम भुक्तानी | रोशन श्रेष्ठ | २९०००.० | के प्रयोजनको भाडा हो कागजात नभएको । |
| १०६२-२०७८।३।३० | पे.फ.रकम | नखुलेको | १५५०००.० | बैक नगदी किताबबाट टिपोट गरिएको कागजात नभएको । |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०७०-२०७८।३।३०</td><td>पे.फ.रकम</td><td>नखुलेको</td><td>२५४००.०</td><td>बैक नगदी किताबबाट टिपोट गरिएको कागजात नभएको ।</td></tr>
<tr><td>१०७४--२०७८।३।३०</td><td>रकम भुक्तानी</td><td>नखुलेको</td><td>४३१७५०.०</td><td>बैक नगदी किताबबाट टिपोट गरिएको कागजात नभएको ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६८११५०.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
तोकिएको समयभित्र भत्ता वितरण नगरेको<br>
(क) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६(क) बमोजिम स्थानीय तहले प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने व्यवस्था छ ।गाउँपालिकाले कार्यविधिले तोकेको मितिमा पेश्की लिएको तथा समयमा नै वितरण गरी फछ्र्यौट गरेको देखिएन ।
<table>
<tr><td colspan="2">प्रथम चौमासिक</td><td colspan="2">दोश्रो चौमासिक</td><td colspan="2">तेश्रो चौमासिक</td></tr>
<tr><td>पेश्की लिएको मिति</td><td>फछ्र्यौट गरेको मिति</td><td>पेश्की लिएको मिति</td><td>फछ्र्यौट गरेको मिति</td><td>पेश्की लिएको मिति</td><td>फछ्र्यौट गरेको मिति</td></tr>
<tr><td>२०७७।८।२८</td><td>२०७८।१।५</td><td>२०७७।१२।६</td><td>२०७७।३।१७</td><td>२०७८।२।२०</td><td>२०७८।३।३०</td></tr>
</table>
(ख) Dormat खाताको विवरणः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ ।एन आईसी एसिया बैंक, जोशीपुर कैलालीले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण पालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना हुनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **लाभग्राहीको नाम दर्ता र नविकरण**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दफा ५ को खण्ड क जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड (क) मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था छ ।गाँउपालिकाको २ वटा वडाको स्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता तथा नविकरण गराएको पाईएन् । | |
| ५५ | | | **सामाजिक सुरक्षा खाताको बैंकको स्टेटमेन्ट**<br>गाउँपालिकाले ७ वटा वडाको सामाजिक भत्ता वितरण गर्नको लागि एन आईसि एसिया बैंक जोशिपुरलाई रकम निकासा गरेकोमा बैंकले भत्ता वितरण गरेको स्टेटमेन्ट पेश गरेको देखिएन । यसले गर्दा भत्ता वितरण गरी बाँकी रहेको रकम सम्पुर्ण रकम पठाए नपठाएको यकिन हुन सकेन । पालिकाले बैंकले वितरण गरी बाँकी रहेको रकम र फिर्ता गरेको रकम यकिन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **पेन्सनरलाई भत्ता भुक्तानी**<br>राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पालिकाको लग इन आइडमा स्थानीय तहले लगत कट्टा गर्नुपर्ने भनि जम्मा २७ पेन्सनरहरुको नाम राखिएकोमा पालिकाले लगत कट्टा नगरी विभिन्न चौमासिकको भत्ता भुक्तानी गरेको देखियो ।यस सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग सोधपुछ गर्दा पेन्सनरको लिस्टमा रहेको व्यक्तिहरु पेन्सनर हो होइन सम्बन्धमा यकिन आधार पेश गर्न सकेन ।लेखापरीक्षण योजनानुसार गाउँपालिकाको २ वटा वडा नं. ३ र ५ को श्रेस्ता परीक्षणमा वडा नं३ मा पालिकाले पेन्सनरहरुलाई भत्ता भुक्तानी गरेको व्यक्ति वास्तविकमा पेन्सनर होइन भने प्रमाण पेश गर्नुपर्ने अन्यथा पेन्सनर भएर पनि भत्ता भुक्तानी भएमा पेन्सनरबाट रु१५१२००। असुल हुनुपर्दछ ।अन्य वडाको बाँकी १६ जना पेन्सनरलाई भत्ता भुक्तानी हुने सक्ने सम्बन्धमा छानबिन गरी भत्ता भुक्तानी भएको पाइएमा असूल गर्नुपर्ने अन्यथा प्रमाण पेश हुनुपर्ने रु | १५१,२०० |

| वडा नं | नाम | ना प्र नं | भत्ताको प्रकार | दर | जम्मा रकम | चौमासिक |
|---|---|---|---|---|---|---|
| ३ | गोबिन्द बहादुर सिंह | २६२३७२७ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | २४००० | प्रथम र दोश्रो |
| ३ | जग्गु राम डंगौरा | १०५० | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| ३ | दान बहादुर डंगौरा | १८९७ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | १२००० | प्रथम |
| ३ | लाल बहादुर बोहरा | ३०७।४१७९ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| ३ | शंकर कठरिया | ०६९८ | अति अशक्त अपाङ्गता भत्ता | ६४०० | १९२०० | तिनटै |
| ३ | उजली देबी कामी | ५०८ | विधवा | ८००० | २४००० | तिनटै |
| | जम्मा | | | | १५१२०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **पेन्सनरलाई भत्ता भुक्तानी**<br>राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले पालिकाको लग इन आइडमा स्थानीय तहले लगत कट्टा गर्नुपर्ने भनि जम्मा २७ पेन्सनरहरुको नाम राखिएकोमा पालिकाले लगत कट्टा नगरी विभिन्न चौमासिकको भत्ता भुक्तानी गरेको देखियो ।यस सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग सोधपुछ गर्दा पेन्सनरको लिस्टमा रहेको व्यक्तिहरु पेन्सनर हो होइन सम्बन्धमा यकिन आधार पेश गर्न सकेन ।लेखापरीक्षण योजनानुसार गाउँपालिकाको २ वटा वडा नं. ३ र ५ को श्रेस्ता परीक्षणमा वडा नं ५ मा पालिकाले पेन्सनरहरुलाई भत्ता भुक्तानी गरेको व्यक्ति वास्तविकमा पेन्सनर होइन भने प्रमाण पेश गर्नुपर्ने अन्यथा पेन्सनर भएर पनि भत्ता भुक्तानी भएमा पेन्सनरबाट रु९३६००। असुल हुनुपर्ने रु | ९३,६०० |

| वडा नं | नाम | ना प्र नं | भत्ताको प्रकार | दर | जम्मा रकम | चौमासिक |
|---|---|---|---|---|---|---|
| ५ | नाम भण्डारी | ४१८२ | जेष्ठ नागरिक एकल महिला | ८००० | २४००० | तिनटै |
| ५ | नरपता देवि कुवर | ३०६४१०२३ | जेष्ठ नागरिक एकल महिला | ८००० | २४००० | तिनटै |
| ५ | महेश चौधरी | २१३१० | अति अशक्त अपाङ्गता भत्ता | १६०० | ४८०० | तिनटै |
| ५ | बासुदेव जोशी | २८३३८८ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | १२००० | ३६००० | तिनटै |
| ५ | तिलकराम डगौरा | ५४६ | अति अश्क्तअपाङ्गता भत्ता | १६०० | ४८०० | तिनटै |
| | जम्मा | | | | ९३६०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>जडान कार्यको प्रमाण नभएको<br>आर्थिक कार्यबिध तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९५मा कार्यालयलाई पाप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी समान खातामा आम्दाी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ ।यस गाउपालिका कार्यालयले निम्न समान खरिद गरी बुझाएको देखिएकोमा उक्त समान सम्बन्धीत कार्यमा जडान गरेको प्रमाण पेश गरेको देखिएन । अत गाउपालिका कार्यालयले समान जडान गरेको प्रमाण पेश गर्नु पर्ने रू .............<br><table><tr><th>भौचर न.</th><th>समानको नाम</th><th>परिमाण</th><th>रकम</th><th>कैफिएत</th></tr><tr><td>१७।२०७८।३।३०</td><td>बौनिया खानेपानीको लागी पाइप खरिद</td><td>बिभिन्न ९ प्रकारका ४३४२मिटर पाइप</td><td>३१५३९५४</td><td>उपभोक्ता समितीसंगको सम्फौता अनुसार जडान गरेको प्रमाण पेश नभएको</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>३१५३९५४</td><td></td></tr></table></td><td>३,१५३,९५४</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फतको कार्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.१ | ० | | **उपभोक्ताको कामः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण कलभर्ट, खानेपानी संरचना निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई गरेको देखिन्छ। यसरी उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, ग्रेडर, , रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भरपाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन :– | |

| सि.न. | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | रा. मा.बि.को पर्खाल निर्माण उ.स. | ८०९४२१।०० |
| २ | .पिपरकोटी देखि झवही मुख्य सडक मर्मत उ.स. | ३१८६१९७।०० |
| ३ | भगतपुरमा सामुदायिक भवन निर्माण उ.स. | ९६६८७६।०० |
| ४ | .दिडी कुन्डमा कल्भर्ट निर्माण उ.स. | ९६८९०१।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.२</td><td></td><td>२०७८-१०-२८</td><td>अनुगमन तथा सुपरीबवेक्षण:– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७७।७८ मा संचालन भएका योजना तथा कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको गाउपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्रारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अत यसले गर्दा पालिकादारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकाद्रारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षणग गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५९.३</td><td></td><td></td><td>अनावश्यक बिल भरपाईः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ भने ३९(११) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने ब्वस्था छ । यस कार्यालयदारा भुक्तानी दिादा निम्न निमार्ण तथा खरिद कार्यको लागी ढुगा गिटटी वालुवा खरिदमा खर्चलाई पुष्टयाई गर्ने वास्तबिक कागजात नराखि लिखितम भरपाई गरी भुक्तानी लिने पार्टीको ठेगाना र खुल्ने कुनै प्रमाण बेगर पेश गरेका बिल वास्तबिक हुन भन्न सकिने आधार नदेखिएकोले कार्यालयले आधिकारीक बिल भरपाई लिई भुक्तानी दिनतर्फ ध्यान दिनु पर्दछ । केही उदाहरण निमनानुसार छन :–<br>
<table>
<tr><th>सि. न.</th><th>योजनाको नाम</th></tr>
<tr><td>१</td><td>पिपरकोटी देखि झवही मुख्य सडक मर्मत उ.स.</td></tr>
<tr><td>२</td><td>राजिपुर चौराह देखि भगवानपुरको घर हुदै सडक ग्राबेल</td></tr>
<tr><td>३</td><td>राजिपुर चौराह देखि भगवानपुरको घर हुदै सडकनिर्माण</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.४ | | | **हेभी इक्विपमेण्टको प्रयोग**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले रोलर, लोडर, ग्रेडर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.५ | | | **ग्राभेल सामाग्रीमा रोयल्टीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले उपभोक्ता समितिको बिलको रकम भुक्तानी गर्दा प्राबिधिक बिलमा ग्राबेलमा रोयल्टी भनी मुल्याङ्कन गरेको तर रोयल्टी तिरेको बिल बिजक पेश नगरी भुक्तानी दिएका केही उदाहरण निम्न छन । अतः रोयल्टी वापत भुक्तानी गरेको रकम उपभोक्ताले तिरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.. ५८३२५ | |

| उपभोक्ता समितीको नाम | प्रयोग ग्राबेलको परिमाण | ग्राबेल रोयल्टी दर | बिल पेश भएको परिमाण | फरक | रकम |
|---|---|---|---|---|---|
| पिपरकोटी देखि झवही मुख्य सडक मर्मत उ.स. | ३३२८ | ७५ | २९७६ | ३५१ | २२३२५ |
| मैना पोखरी शुशिलको घरदेखिसडक स्तरउन्नती | ३७५ | ७५ | ३२४ | ५१ | ३८२५ |
| राजिपुर चौराह देखि भगवानपुरको घर हुदै सडक ग्बेल | ५०० | ७५ | ३४४ | ११६ | ८७०० |
| वडा न. १ अन्तरगत सडक ग्राबेल | ५१४ | ७५ | ४१८ | ९६ | ७२०० |
| वडान.१मोहन्याल स्कुलदेखिभगवानपुरको घर हुद | ८५७ | ७५ | २७५ | २१७ | १६२७५ |
| | | | जम्मा | | ५८३२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.६</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>सि.नं</th><th>निर्माण कामको विवरण</th><th>लागत अनुमान</th><th>सम्झौता रकम</th></tr>
<tr><td>१</td><td>भगवतपुरमा सामुदायीक भवन</td><td>८०२२१३</td><td>८०२२१३</td></tr>
<tr><td>२</td><td>पिपरकोटी देखि झवही मुख्य सडक मर्मत उ.स.</td><td>५६९५४६७</td><td>५६९५४६७</td></tr>
<tr><td>३</td><td>रा.मा.बि पर्खाल निर्माण</td><td>८०९४२१</td><td>८०४२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सेनिटरी प्याड खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले शिलबन्दी दरभाउबाट वि. आर. सर्जिकल एण्ड फार्मा प्रा.ली. बाट रु.२१.६८ दरले रु.९०१४५४।–(भ्याट वाहेक) मा ४१५८० थान सेनेटरी प्याड खरिद गरेकोमा सोही स्पेशिफिकेशनका सेनेटरी प्याड अधिश्री ट्रेड लिङ्कबाट रु.३५.३९ दरमा १२२४० थान प्याड खरिद गर्दा रु.४३३१७३।–(भ्याट वाहेक) खर्च लेखेको छ । जसबाट सिलबन्दी दरभाउबाट खरिद गरिएको सामाग्री सोझै खरिद गर्दा कार्यालयलाई रु.१७१८४९।- (भ्याट वाहेक) बढी व्यायभार परेको देखिन्छ । अतः कार्यालयले एक पटक कम दरमा सामाग्री प्राप्त गरेकोमा सोही संस्थाबाट पुन सामाग्री प्राप्तिको सुनिश्चितता नगरि अन्य संस्थाबाट बढी दरमा सामाग्री खरिद गरी बढी व्यायभार परेको रकम नियमसम्मत मान्न नसकिएको रु.</td><td>१७१,८४९</td></tr>
<tr><td>६१</td><td>१८</td><td>२०७८-३-१४</td><td>निजि स्रोत शिक्षकलाई अनुदान<br>पालिकाले शसर्त अनुदान अन्तर्गतत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई पालिकाको आन्तरिक श्रोतबाट २३ विद्यालयमा तलब भत्ता बापत गत आर्थिक वर्षको भुक्तानी बाँकी विवरणको आधारमा रु.३५ लाख र यस आर्थिक वर्षको रु.३५ लाख समेत रु.७० लाख भुक्तानी गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **औषधि खरिद**<br>पालिकाले यस आर्थिक वर्षमा शिलबन्दी दरभाउ विधिबाट रु.२५२०८५०।–को औषधि खरिद गरेको छ । खरिद गरेका औषधि कार्यालयमा दाखिला गरी सोझै स्वास्थ्य संस्थामा हस्तान्तरण गर्ने गरेको छ । खरिद गरिएका औषधिमा निःशुल्क वितरणको ट्याग राख्ने गरेको छैन । जसबाट खरिद गरिएका औषधि निशुल्क वितरण नभइ विक्रि हुने जोखिम रहने हुँदा निशुल्क वितरणको ट्याग टाँसेर मात्र स्वास्थ्य संस्थामा हस्तान्तरण हुनुपर्दछ । | |
| ६३ | | | **दोहोरो तलब भुक्तानी**<br>कुनै पनि कर्मचारीको मासिक तलब भत्ता भुक्तानी गर्दा दोहोरो नपर्ने गरी भुक्तानी गर्दुपर्दछ । पालिकाले सि.अ.हे.व. अधिकृत श्री शिव प्रसाद चौधरी कमलबजार नगरपालिका अछामबाट मंसिर महिनादेखि यस पालिकाबाट तलबभत्ता भुक्तानी हुने गरी काज सरुवा भइ आएकोमा निजलाई पौष महिनामा २ महिना बराबरको र माघ महिनामा २ महिनाको तलब भत्ता भुक्तानी भएकोले एक महिनाको तलब भत्ता दोहोरो भुक्तानी भएको रकम रु.४१४१९।– असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४१,४१९ |
| ६४ | ८५ | २०७७-११-१३ | **घटी अग्रिम आय कर कट्टी**<br>आयकर ऐन, २०५८ को दफा ८९ (१) मा ठेक्का वा करार वापत पचार हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले शिलबन्दी मार्फत औषधि खरिद गरिएकोमा क्यान्डेला मेडि कन्सर्नलाई रु.२४७२१००।- (VAT बाहेक) भुक्तानी गरेकोमा भुक्तानीमा करकट्टी बापत १.५ प्रतिशतको दरले रु.३७०८२।– करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु.२६७५०।– मात्र कट्टी गरेकोले नपुग कर बापतको रकम रु.१०३३२।– असुल गरि सम्बन्धपत राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | १०,३३२ |
| ६५ | | | **बोलपत्र बाहेक सोझै खरिद** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५.१ | | | **कोटेशनको कार्य**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनदारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि ५ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब ५ देखि ४७ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिशर्पधा नगरी सोझै कोटेशनदारा गाउपालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन :– | |

| गो.भौ. न | कार्यक्रमको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी |
|---|---|---|---|---|
| १०६।२०७७।५।७ | जेनेरेटर जडान | ४९९७४२ | ४९२११५ | १.५ |
| १३५।२०७७।९।१२ | आवास भवन निर्माण | ४६५०७३ | ४६२३७४ | ०.५ |
| ४०९।२०७८।३।२८ | सिमरानाशिव मन्दिर देखि सडक निर्माण | ४६३४६३ | ४६०५७१ | ०.६ |
| ४५१।२०७८।३।३० | मुक्त कमैया देखि सडक निर्माण | ३५९५९४ | ३५६४६४ | ०।८ |

| | | | | |
|---|---|---|---|---|
| ६५.२ | | | **सोझै खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको निमार्ण कार्य वा खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नु पर्नेमा एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने सामानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृति सामान प्रतिस्पर्धी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था छ । यस गाउपालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना | २,७७५,३३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरी एउटै प्रकृतिका समान पटक पटक खरिद गरेको रु २७७५३३८।० ० नियमसंगत भन्न सकिएन ।अत गाउपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी प्रमाण पेश गर्नु पर्ने रू..... | |

| सि.न. | भौचर न. | कामको नाम | पार्टीको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|---|
| १ | ९४।२०७७।७।३ | हयुम पाइप खरिद | चक्रेश्वरी हयुम पाइप उधोग | ४५०३९५ | बितरण जडान प्रमाण नभएको |
| २ | २५५।२०७७।१२।६ | हयुम पाइप खरिद | श्रीपुर हयुम पाइप प्रा.लि. | ४६३३०० | बितरण जडान प्रमाण नभएको |
| ३ | २३८।२०७७।१२।१ | हयुम पाइप खरिद | सेति हयुम पाइप तथा बिधुत पोल प्रा.लि | ३१७७५६ | बितरण जडान प्रमाण नभएको |
| ४ | २५८।२०७७।१२।१२ | गाउपालिका भवन संरचना निर्माण | बटुका बाबा निर्माण सेवा | ४००००० | |
| ५ | २५६।२०७७।१२।२० | गाउपालिका भवन रेलिङ निर्माण | रेलिङ निर्माण | ४६१०८५ | |
| ६ | ४३४।२०७८।३।२९ | गाउपालिका एसि जडान | मुन इलोक्टोनिस | २३५६०५ | |
| | १०५।२०७७।७।५ | सि.सि.टी.भि खरिद | एल.बि कम्प्युटर टिकापुर | ४४७१९७ | |
| | जम्मा | | | २७७५३३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६५.३ | | | **जिन्सी दाखिला :**आर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५मा कार्यालयलाई पाप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी समान खातामा आम्दाी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले आर्थिक बर्ष २०७७।७८मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन । यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पुर्ण बिवरण खुल्ने अवस्था देखिन । अत गाउपालिका कार्यालयले जिन्सी दाखिला गर्दा मुल्यमा सम्पती तथा समानको स्पेशिपिकेशन सहितको बिवरण खुलाई जिन्सी कितावमा आम्दानी जनाउनु पर्दछ । केही उदाहरण निम्न छन ।<br><br>भौचर न. \| समानको नाम \| मुल्य \| कैफिएत<br>४६०।२०७८।३।३० \| मोटरसाइकल खरिद \| २६८९०० \| चेसिज सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको<br>१३६।२०७७।९।१३ \| मोटरसाइकल खरिद \| २६९४०० \| चेसिज सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको<br>४३।२०७७।६।१४ \| टयाक्टर खरिद \| १४५९९९९ \| चेसिज सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको | |
| ६६ | | | **सिलबन्दी र परामर्श कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६.१ | | | **डीपीआर खर्च** – सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको देखिन्छ । अत डिपीआर बाट प्राप्त प्रतिबेदनको मौजुदा अभिलेखाङ्कन गर्नु पर्दछ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | |
|---|---|---|---|---|---|
| बिभिन्न सडक | ड्रिमहाउस सोलुसन प्रा.लि. | १४६०२०९ | १४६०२०९ | १७४७८८३९ | ९०२८७७८मा सम्झौता भई कार्यान्वयनमा गएको |
| बभिन्न सडक | फेडरल ई सोलुशन प्रा. लि. | ५१४७७१ | ५१४७७२ | १७५९२६७६ | प्रदेश सरकारमा माग भएको |
| वडा न. ६र७को पुल | आर. टि.एस. कन्सल्टेन्सी | ३०३१२९ | २९४५९९ | १४४१११६३ | न. पा. बाट निर्णय भएको |
| चौराहा लापुर सडक | शैपा ई कन्सल्टेन्सी | ८०५०५७ | ६०७३२२ | ३३०१४७२० | १७४३४००सम्झौता भई कार्यान्वयनमा गएको |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत देखिएता पनि शुरू बेजटको ब्यवस्था गरी मात्र डि.पी. आर .गर्नतर्फ ध्यान दिनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>प्रमाण नभएको आर्थिक कार्यबिध तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ९५मा कार्यालयलाई पाप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी समान खातामा आम्दाी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ ।यस गाउपालिका कार्यालयले निम्न समान खरिद गरी बझाएको देखिएकोमा उक्त समान सम्बनुधित कार्यमा जडान गरेको प्रमाण पेश गरेको देखिएन । अत गाउपालिका कार्यालयले समान जडान गरेको प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर न.</th><th>समानको नाम</th><th>परिमाण</th><th>रकम</th><th>कैफिएत</th></tr>
<tr><td>३७७।२०७७।३।२२</td><td>हयुमपाइप खरिद</td><td>४५०को ३०, ६००को ४१, ९०० को १२</td><td>१९९९८५९</td><td>अनुगमन र जडान गरेको प्रमाण पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१९९९८५९</td><td></td></tr>
</table>
</td><td>१,९९९,८५९</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>छाडा चौपाय तथा काञ्जी हाउस व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया तथा कान्जी हाउस व्यवस्थापन कार्यक्रममा अन्तर्गत कान्जी हाउस निर्माण वापत रु.४८५२४४.०, पराल खरिद वापत रु.२५५५००.०, काञ्जी हाउस तारबार वापत रु.४८४२०७.० र ज्यालादारिमा ३ जना कर्मचारी भर्ना गरी पारिश्रमिक वापत वार्षिक रु.२७००००.० समेत वार्षिक रु.१४९४९५१.० खर्च गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा खर्च भएको देखिन्छ । पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **पकेट विकास कार्यक्रम**<br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ । पालिकाले म्यानुअलले गरेको व्यवस्था अनुसारको मापदण्ड बमोजिम कृषक छनौटको लागि सुचना प्रकाशन गरेकोमा पेश भएका निवेदक सो मापदण्ड अन्तर्गत नपरेकोले आवेदन पेश गर्ने कृषकबाट सामुहिक निर्णय गरी सम्बन्धित कृषक वा कृषक समूहसँग सम्झौता नै नगरी शिलबन्दी विधिबाट देहायबमोजिमको कार्यक्रममा आवश्यक कृषिजन्य सामाग्री खरीद गरी वितरण गरेको भर्पाइको आधारमा रु.३७८९९२१.० भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरेको छैन । यसरी गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन । अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| भौ.नं. र मिति | कार्यक्रम | खर्च रकम | भुक्तानी रकम |
|---|---|---|---|
| २७२-२०७८।३।३० | माछाको साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम | १८८५८४२.० | ९४२९२१.० |
| २७३-०७८।३।३० | बाख्राको साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम | १७०००००.० | ८५००००.० |
| २७०-०७८।३।२९ | वालि वस्तुको साना व्यावसायिक उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम | ३९९४०००.० | १९९७०००.० |
| | जम्मा | ७२४९८४२.० | ३७८९९२१.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**श्रेस्त पेश नभएको**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ ।खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको स्थानीय प्रकोप व्यवस्थापन कोषको बैंक नगदी किताब अनुसार खर्च भएको तर गोश्वारा भौचर र सो खर्चलाई पुष्ट्याई गर्ने कागजात पेश नभएकोले श्रेस्ता पेश हुनुपर्ने रु.

<table>
<tr><th>गोश्वार भौचर</th><th>प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>७९-२०७७।७।१७</td><td>क्वारेन्टाईन व्यवस्थापन</td><td>४८५१०</td></tr>
<tr><td>१९९-२०७७।९।३०</td><td>नखुलेको</td><td>१५११६०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१९९६७०</td></tr>
</table>

</td><td>१९९,६७०</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

<table>
<tr><th>गत वर्षसम्मको बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)</th></tr>
<tr><td>५५७३५</td><td>७९१</td><td>५४९४४</td></tr>
</table>

यस वर्ष सम्परीक्षणको लागि पेश भएको बेरुजु मध्ये देहायबमोजिमको बेरुजु सम्परीक्षण भएको छ ।

<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>फछ्र्यौटकोआधार</th><th>सम्परीक्षणरकम</th></tr>
<tr><td>१</td><td>२०७५।७६</td><td colspan="2">पदाधिकारीको वढी चाडपर्व खर्च (दफा २१) र बढी भुक्तानी (दफा २२) रकम असुल गरी दाखिला गर्नुपर्ने</td><td>असुल दाखिला भइ आएको</td><td>४६९०००.०</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| पद र नाम | चाडपर्व खर्च | बढी भुक्तानी |
|---|---|---|
| अध्यक्ष, श्री रामकृष्ण चौधरी | ३०५०० | ४६५०० |
| उपाध्यक्ष, श्री गीता कठरिया | २७५०० | ५२५०० |
| सदस्य, श्री बिधिराम चौधरी | २४००० | १२००० |
| सदस्य, श्री हेमलाल डगौरा | २४००० | १२००० |
| सदस्य, श्री किशोर कुमार कठरिया | २४००० | १२००० |
| सदस्य, श्री देशराज चौधरी | २४००० | १२००० |
| सदस्य, श्री नत्थु प्रसाद चौधरी | २४००० | १२००० |
| सदस्य, श्री जंग बहादुर थारु | २४००० | १२००० |
| सदस्य, श्री लक्ष्मी महतो | १०००० | - |
| सदस्य, श्री बिष्णु नेपाली | १०००० | - |
| सदस्य, श्री घनश्याम नेपाली | १०००० | - |
| सदस्य, श्री सीता चौधरी | १०००० | - |
| सदस्य, श्री बुधराम कुमाल | १०००० | - |
| सदस्य, श्री सुमिता थारु | १०००० | - |
| सदस्य, श्री लखनलाल चौधरी | २४००० | १२००० |
| जम्मा | २८६००० | १८३००० |

| | | | | |
|---|---|---|---|---|
| २ | २०७५।७६ | दफा १३- पदाधिकारी पारिश्रमिक पेश्की वाँकी रकम १० प्रतिशत व्याज सहित पेश्की फछ्यौंट गर्नुपर्ने | पेश्की बाँकी रु.१८००००.० कायम रहेकोमा व्याज सहित रु.२१२०००.० असुल दाखिला गरि पेश्की फछ्यौंट भइ आएको | १८००००.० |

| पेश्की लिनेको नाम | रकम |
|---|---|
| अध्यक्ष श्री रामकृष्ण चौधरी | १००००.० |
| वडाध्यक्ष श्री विधिराम चौधरी | २००००.० |
| वडाध्यक्ष श्री हेमलाल डगौरा | ५००००.० |
| वडाध्यक्ष श्री किशोर कुमार कठरिया | ६००००.० |
| वडाध्यक्ष श्री नत्थुराम डगौरा | १००००.० |
| वडाध्यक्ष श्री नत्थुराम डगौरा | ३००००.० |
| जम्मा | १८००००.० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०७६।७७ | दफा १७- नपुग पारिश्रमिक कर असुल गरि दाखिला गर्नुपर्ने | असुल दाखिला भई आएको | १४२०००.० |

| सि.न. | पदाधिकारी | लाग्ने कर |
|---|---|---|
| १ | अध्यक्ष | ५६००० |
| २ | उपाध्यक्ष | ३०००० |
| ३ | वडाध्यक्ष १ | ८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ४ | वडाध्यक्ष २ | ८००० | | | |
| | | | ५ | वडाध्यक्ष ३ | ८००० | | | |
| | | | ६ | वडाध्यक्ष ४ | ८००० | | | |
| | | | ७ | वडाध्यक्ष ५ | ८००० | | | |
| | | | ८ | वडाध्यक्ष ६ | ८००० | | | |
| | | | ९ | वडाध्यक्ष ७ | ८००० | | | |
| | | | | जम्मा | १४२००० | | | |
| जम्मा | | | | | | | | ७९१०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | अध्यावधिक बेरुजु<br>यस गाँउपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | संपरीक्षणबाट कायम बेरुजू(C) | अध्याविधक बाँकी बेरुजू (D=A+B+C) |
|---|---|---|---|
| ५४९४४ | १८६७५ | ० | ७३६१९ |